# पूर्वखोला राजपत्र

**पूर्वखोला गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ६, पूर्वखोला, मितिः २०७९/०६/२५, संख्याः २८**


## भाग–२

### पूर्वखोला गाउँपालिका

### कार्यविधिको नाम : पूर्वखोला गाउँपालिकाको गाउँघर क्लिनिक यातायात खर्च कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/०६/०५

**प्रस्तावनाः** नेपालको संविधान २०७२ को धारा ३५ अनुसार नेपालका सवै नागरिकलाई निशुल्क स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न नेपाल सरकारले स्वास्थ्य चौकीहरुमा दिने स्वास्थ्य सेवा वाहेकको सेवा भौगोलिक विकटताका आधारमा गाउँघर क्लिनिक सेवा संञ्चालन गरी सेवा प्रदान गरिरहेको छ। पूर्वखोला गाउपालिका भित्र जम्मा ६ वटा स्वास्थ्य चौकी ५ वटा सामुदायिक स्वास्थ्य ईकाई रहेका छन भने ति

सँस्था बाहेक १७ वटा गाउँघर क्लिनिकहरुबाट महिनाको एक पटक सेवा दिने गरिन्छ। गाउँघर क्लिनिक सेवालाई थप प्रभावकारी बनाउन र पूर्वखोला गाउँपालिकाको नागरिकहरुलाई स्वास्थ्य सेवामा थप पहुँचमा ल्याउनको लागी पूर्वखोला गाउँपालिकाले गाउँघर क्लिनिकमा सेवा दिने स्वास्थ्यकर्मीहरुको लागी यातायात खर्च सुविधा सेवा दिन बाञ्छनिय देखिएकोले यो कार्यविधि बनाई लागु गरिएको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम विस्तार र प्रारम्भ**

१) यस कार्यविधिको नाम "**गाउँघर क्लिनिक यातायात खर्च कार्यविधि,२०७९**" हुनेछ।

२) यो कार्यविधि पूर्वखोला गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ।

३) यो कार्यविधि पूर्वखोला गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति बाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "गाउँघर क्लिनिक" भन्नाले पूर्वखोला गाउँपालिका भित्रका गाउँघर क्लिनिक भन्ने बुझ्नु पर्दछ।

(२) "स्वास्थ्यकर्मी" भन्नाले पूर्वखोला गाउँपालिका भित्रका स्वास्थ्यकर्मी भन्ने बुझ्नु पर्दछ।

(३) "सुरक्षित मातृत्व" नेपाल सरकारले लागु गरेको कार्यक्रम भन्ने बुझ्नु पर्दछ।

(४) "समुदाय" भन्नाले पूर्वखोला गाउँपालिका क्षेत्र भित्रका समुदाय भन्ने बुझ्नु पर्दछ।

(५) "कार्यपालिका" भन्नाले पूर्वखोला गाउँकार्यपालिका भन्ने बुझ्नु पर्दछ।

(६) "स्वास्थ्य सँस्था" भन्नाले पूर्वखोला गाउँपालिका क्षेत्रका तथा नेपाल अधिराज्य भरिका सरकारी स्वास्थ्य सँस्था भन्ने बुझ्नु पर्दछ।

(७) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले पूर्वखोला गाउँपालिकाको प्रमुख प्रशाकिय अधिकृत भन्ने बुझ्नु पर्दछ।

(८) "लेखा शाखा" भन्नाले पूर्वखोला गाउँपालिको आर्थिक प्रशासन शाखा भन्ने बुझ्नु पर्दछ।

(९) "स्वास्थ्य शाखा" भन्नाले पूर्वखोला गाउँपालिका स्वास्थ्य शाखा भन्ने बुझ्नु पर्दछ।

## परिच्छेद-२

३. **गाउँघर क्लिनिक सेवाः** पूर्वखोला गाउँपालिका भरी जम्मा १७ वटा गाउँघर क्लिनिकद्धारा समुदायका सबै नागरिकलाइ आधारभुत स्वास्थ्य सेवा प्रदान गरिरहेको छ। जहाँ प्रत्येक गाउँघर क्लिनिकमा २ जना सम्बन्धित स्वास्थ्य सँस्थाका स्वास्थ्य कर्मीहरु गई सेवा प्रदान गर्नेछन्।

## परिच्छेद-३

४. **गाउँघर क्लिनिकयातायात खर्च व्यवस्थाः** (१) पूर्वखोला गाउँपालिका भित्रका प्रत्येक गाउँघर क्लिनिकमा सम्वन्धित स्वास्थ्य सँस्था मातहतका २ जना कर्मचारीहरुलाइ यातायात बापतको खर्च रकम उपलव्ध गराउनु पर्नेछ।

५. गाउँघर क्लिनिकमा गई सेवा दिने कर्मचारीहरुको लागी प्रति स्वास्थ्य कर्मी प्रतिदिन आतेजाते जम्मा रु.४००/- का दरले यातायात खर्च उपलव्ध गराउनु पर्नेछ।

६. यातायात खर्च भुक्तानि दिदा सम्बन्धित स्वास्थ्यकर्मीलाई मात्र व्यक्तिगत बैक खातामा भुक्तानि दिनु पर्नेछ।

**परिच्छेद-४**

७. **बजेट फस्यौंटः** (१) स्वास्थ्यकर्मीले यातायात खर्च रकम भुक्तानी लिनको लागी आफु कार्यरत स्वास्थ्य सँस्थाले लागी त्रैमासिक रुपमा रकम बुझिलिएको भरपाई स्वास्थ्य शाखा मार्फत रुजु गराई प्रमुख प्रशाकिय अधिकृतलाई प्रमाणीत गराई भुक्तानी लिन सकिनेछ।

८. दफा (७) को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बैंक मार्फत भुक्तानि दिनु पर्नेछ।

**परिच्छेद-४**

९. **अन्य छुटविषय सम्बन्धीः** यस कार्यविधिमा उल्लेख नभएका वा समावेस नभएका विषयका सम्बन्धमा पूर्वखोला गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ।

१०. **संसोधन तथा खारेजीः** पूर्वखोला गाउँपालिका गाउँकार्यपालिका यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ।

प्रमाणिकरण मितिः २०७९/०६/२५

आज्ञाले
**मान बहादुर सारू**
प्रमुख प्रशासकीय अधिकृत